Public Health
Seattle & King County

**FACT SHEET**

# Pertussis (Whooping Cough)

## ❑ यो के हो?

- ✓ Pertussis (“whooping cough”) एक अत्याधिक संक्रात्मक जिबाणु संक्रमण हो जसले गम्भिर रुपमा खोकी लगाउँछ ।

## ❑ लक्ष्यणहरु

- ✓ लक्ष्यण संक्रमित व्यक्तिसंग भेट भएको 6 देखी 21 (औसत 7-10 दिन) दिन पछि देखिन थाल्छ ।
- ✓ Pertussis चिसो लक्ष्यण वा सुक्का खोकी सहित पटक पटकको गम्भिर खोकी देखी सुरु हुनसक्छ । केहि गम्भिर खोकी पछि ग्यागिङ्ग वा उल्टि पनि हुनसक्छ । रातमा खोकी बढी गम्भिर पनि हुनसक्छ । खोकीको अन्तरालमा व्यक्ति स्वस्थ देखिन सक्छ वा उसले स्वस्थ रहेको महसुस गर्न सक्छ । ज्वरो नआउन पनि सक्छ वा हल्का आउनपनि सक्छ ।
- ✓ खोप लगाएका स्कुले केटाकेटीहरु, किशोरकिशोरीहरु, र वयस्कहरु धेरैजसो जवान बच्चाहरु भन्दा कम बिरामी हुन्छन् ।
- ✓ Pertussis सहितका नाबालकलाई गम्भिर खोकी नलाग्नसक्छ । तिनिहरुलाई सामान्य खोकी लाग्न सक्छ, स्तनपान कम गर्नसक्छन् र सास फेर्न गाह्रो हुनसक्छ वा निलो देखिन सक्छन् ।

## ❑ यो कसरी फैलिन्छ?

- ✓ Pertussis भएको व्यक्तिले खोक्दा, हाच्छ्युँ गर्दा वा कुरागर्दा मुख र नाकबाट आउने छिँटाबाट फैलिन्छ ।
- ✓ उपचार नगरिएको व्यक्तिले pertussis को संक्रमण धेरै हप्तासम्म फैलाउन सक्छन् ।
- ✓ पहिचान नगरिएको pertussis संग संक्रमित भएका वयस्क, ठुला केटाकेटीहरु र स्वास्थ्य हेरचाह कामदारहरुले साना केटाकेटीहरु र गर्भवति महिला सहित अरु व्यक्तिहरुलाई पनि संक्रमित गराउन सक्छन् ।

## ❑ यो कसले प्राप्त गर्छ?

- ✓ जिवाणुको सम्पर्कमा आउँने कुनै पनि व्यक्तिलाई pertussis लाग्नसक्छ ।
- ✓ नवजात शिशुमा Pertussis को खोपले गम्भिर रोग लाग्नबाट रोकथाम गर्छ तर खोप लगाएका व्यक्तिलाई पनि pertussis लाग्नसक्छ ।
- ✓ Pertussis ठुला केटाकेटीहरु र बयस्कमा देखिन सक्छ किनभने (DTP, DTaP) खोप बाट हुने रक्षा 100% हुँदैन र समय अनुसार घट्दैजान्छ ।

## ❑ सबैभन्दा बढी जोखीममा को छन्?

- ✓ एक बर्ष भन्दा कम उमेरमा शिशुहरुमा अस्पतालमा भर्ना गर्नु पर्ने, निमोनिया, कनभल्सन (एठन) र कहिलेकाँही ब्रेन ड्यामेज र मृत्यु सहित गम्भिर pertussis को *उच्च* जोखिम हुन्छ ।
- ✓ खोप नलगाईएका वा आंशित रुपमा खोप लगाईएका केटाकेटीहरु पनि pertussis संक्रमण र गम्भिर रोगको उच्च जोखीममा हुन्छन् ।
- ✓ Pertussis सहितको गर्भवति महिलाले डेलिभरिको नजिकको समयमा नयाँ जन्मेको बच्चलाई पनि सार्न सक्छिन् ।

## ❑ उपचार

- ✓ रोगको सुरुवातमा, pertussis विरुद्धको एन्टिबायोटीकले अन्य व्यक्तिहरुमा सर्नसक्ने सम्भावनालाई कम गर्नसक्छ ।
- ✓ एन्टिबायोटिक सहित उपचार गरिएका व्यक्तिहरु पाँच दिनको उचित एन्टिबायोटीक उपचार पुरा भएपछि संक्रामक हुदैनन् ।

## ❑ रोकथाम

- ✓ Pertussis विरुद्ध पुर्ण रुपमा खोप लगाउनुहोस् ।
    - o केटाकेटीहरुले 7 वर्षको उमेर भन्दा अगाडी DTaP खोपको 5 डोज लगाउनुपर्छ ।
    - o निम्न व्यक्तिहरुले DTaP खोपको एक डोज लगाउनुपर्छ:
        - ▪ 7-10 वर्षका केटाकेटीहरु जसले pertussis विरुद्धमा पुर्णरुपमा खोप लगाएका हुँदैनन् ।
        - ▪ किशोरकिशोरीहरु 11-18 वर्षका किशोरकिशोरीहरु जसले DTP/DTaP पुरा गरेका हुन्छन् ।
        - ▪ गर्भवति र प्रसोत्तर महिला, विशेषतहः तेस्रो वा दोस्रो ट्राईमेस्टरको अन्तयमा, गर्भावस्थाको 20 हप्तापछि ।
        - ▪ 19 वा सो भन्दा बढी उमेरका सम्पुर्ण वयस्कहरु, विशेषरुपमा वयस्कहरु जो 12 महिना भन्दा कम उमेरको शिशुसंग सम्पर्कमा आएका छन् वा आउन सक्नेछन् ।
    - o शिशुको घरपरिवारका सदस्य वा अन्य नजिकका व्यक्तिहरुले खोप लगाउनु बढी महत्वपुर्ण हुन्छ ।
- ✓ यदि तपाईंलाई खोकी लागि रहेको छ भने शिशुसंग र गर्भवती आमासंग सम्पर्क नराख्नुहोस् । अस्पताल लेबर, डेलिभरी र नर्सरी क्षेत्रहरुमा नघुम्नुहोस् वा काम नगर्नुहोस् र बाल हेरचाह सेटीङ्गमा नघुम्नुहोस् वा काम नगर्नुहोस् ।
- ✓ यदि तपाईं pertussis भएको व्यक्तिसंग बस्नुहुन्छ वा नजिकको सम्पर्कमा हुनुहुन्छ भने तपाईंलाई pertussis को रोकथाम गर्न एन्टिबायोटीक चाहिनसक्छ- तपाईंको स्वास्थ्य हेरचाह प्रदातासंग सम्पर्क गर्नुहोस् ।

**वैकल्पिक फर्म्याटमा पनि उपलब्ध छ ।**

**सम्पुर्ण King County केसहरु मा फोन गरि Public Health मा रिपोर्ट गर्नुहोस् ।**

**Communicable Disease Epidemiology and Immunization Section**
401 Fifth Avenue, Suite 900 • Seattle, WA 98104-2333
**(206) 296-4774** Fax (206) 296-4803 TTY Relay: 711• www.kingcounty.gov/health

Rev 04/12 Ref 04/12 NE